# १३ परमेश्वरको असल सञ्चितक तथा कुशल भण्डारे हुँदा हुने नतिजाहरु

*<u>यस अध्यायका मूल पदहरू</u>* २ तिमोथी ३:१-९, इजकिएल १४:१४, फिलिप्पी ४:४-१३, हितोपदेश ३:५, १ पत्रुस २:११,१२ र मत्ती ७:२३, २५:२१।

**<u>*यस अध्यायको मूल सार पद:*</u> "येशूलाई विश्वास नगर्नेहरूका बीचमा तिमीहरूको चालचलन असल होस्। कसैले तिमीहरूलाई कुकर्मी वा अधर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल कामहरू देखून्, र येशूको आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरून्।" (१ पत्रुस २:१२ रूपान्तरित)।**

**हामीहरूले** परमेश्वरलाई सेवा गर्ने भएकोले उहाँले सुम्पनुभएको सबै आर्थिक, मानसिक, आत्मिक र शारीरिक सम्पत्तिलाई हामीहरूले हिफाजत गर्ने जिम्मेवारी पाएका छौं जसलाई हामी सञ्चितक वा कुशल भण्डारे भनेर पनि कहलाइएका छौं। त्यस हैशियतले हामी जहाँ छौं जोसँग छौं हामीहरूको जीवनले असल काम गर्ने प्रभाव शक्तिशाली वा प्रभावशाली हुनुपर्छ।

त्यसको अर्थ हामी संसारको सामु साधु वा सन्तको खोल लगाएर समाजबाट अलग भएर बस्नु होइन। बरू हामीले पाएका आत्मिक ज्ञान तथा उच्च जीवनशैलीलाई अरूको सामु प्रतिबिम्बित गराउने अबसर पाएका छौं भनेर खुशीले गदगद हुनुपर्छ किनभने हामीमा कतिकुराको ज्ञान छ कतिलाई थाहा छैन। परमेश्वरले बोलाउनुभएको अनुसार ईश्वरीय जीवन बिताउँदा हामीहरूको सम्पूर्ण जीवन मौलाइरहेको वा सम्पन्न भइरहेको हुनुपर्छ। यस संसारमा भएका अरू मानिसहरूलाई भन्दा हामीहरूलाई भिन्नै जीवनशैली अपनाउन परमेश्वरले ज्ञान र खुबी दिनुभएको छ (२ कोरन्थी ६:१७)। हामीहरूको जीवन अरूले चासो देखाउने खालको हुनुपर्छ र तिनीहरूको मनमा उत्सुकता जगाउने खालको हुनुपर्छ। त्यसकारण हामीलाई यो भनिएको छः "१५ तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर र हृदयलाई शुद्ध राख। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर। १६ तिमीहरूका विवेक शुद्ध राख, ताकि तिमीहरूको विरोधमा बोल्ने र ख्रीष्टमा

तिमीहरूका चालचलनको निन्दा गर्नेहरू लज्जित होऊन्।" (१ पत्रुस ३:१५-१६)।

हामी यस पुस्तकको बिषयबस्तु अध्ययनको अन्तिममा आइसकेका छौं। हामी परमेश्वरको असल सञ्चितक वा कुशल भण्डारे हुँदा हामीमा हुने व्यक्तिगत फाइदा, आत्मिक जोश, सफल नतिजा, हामीहरूको प्रभाव र खुशी तथा प्रशन्न हुने बानी के रहेछ सो हेर्नेछौं। किनभने हामीलाई थाहा छ, "तिमीहरूमा ख्रीष्ट हुनुहुन्छ जो महिमाको आशा हुनुहुन्छ" (कलस्सी १:२७ रूपान्तरित)। अर्थात् हामीहरू जिउनुको लक्ष्य नै हामीमा हुने येशू हुनुहुन्छ।

## १. सञ्चितक र ईश्वरीय स्वभाव (२ तिमोथी ३:१-९)

धर्मात्मा वा ईश्वरीय जीवन भन्ने बिषयबस्तु नै अति ठूलो छ। ईश्वरीय वा सही येशूभक्तको जीवन बिताउने मानिसहरूको जीवनशैली पवित्र र स्वच्छ हुन्छन् (तीतस १:१), उपासना गर्न मनस्थितिमा लाग्नेहरू येशूको अनुसरण गर्दछन् र परमेश्वरलाई मनपर्ने खालको जीवन यापन गर्दछन् (भजन ४:३, तीतस २:१२)। कोही मानिस धर्मात्मा वा ईश्वरीय जीवन बिताइरहेको छ भने त्यो मानिस सत्य धर्ममा लागेको प्रमाणित गर्दछ र उसले अनन्त जीवनको प्रतिज्ञा पाउँदछ। कुनै पनि दर्शन, ज्ञान, धनसम्पत्ति, लोकप्रियता, शक्ति वा असल घरानामा जन्मेको भरमा ईश्वरीय जीवन प्रदान गर्न सकिंदैन।

**परमेश्वरका सच्चा भक्त वा सञ्चितकले कस्ता नराम्रो गुणहरूबाट होशियार हुनुपर्छ भनेर पावलले २ तिमोथी ३:१-९मा दिएका छन्? हेर्नु होस्, "१ तर यो बुझिराख, कि आखिरी दिनहरूमा डरलाग्दा समयहरू आउनेछन्। २ किनभने मानिसहरू आफैलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरूको बदनाम गर्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र, ३ स्वाभाविक प्रेमरहितका, खुशी पार्न नसकिने, अरूको बदख्वाइँ गर्ने, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, ४ विश्वासघाती, उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने, ५ भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्। यस्ता मानिसहरूबाट अलग्ग बस।**

**६ किनभने तिनीहरूमध्ये कोही-कोही घर-घर पसी पापले थिचिएका र विभिन्न मनोभावको कब्जामा परेका कमजोर स्त्रीहरूलाई आफ्ना अधीनमा पार्छन्। ७ जुन स्त्रीहरू सिक्न त सधैं सिक्छन्, तर सत्यको ज्ञानमा कहिल्यै आउन सक्दैनन्। ८ यान्नेस र याम्ब्रेसले मोशाको विरोध गरेजस्तै, यी**

**मानिसहरूले पनि सत्यको विरोध गर्छन्। यी मानिसहरू भ्रष्ट दिमागका र नक्कली विश्वासका हुन्छन्। ९ तर तिनीहरू अझ धेरै टिक्न सक्नेछैनन्, किनकि ती दुई मानिसको जस्तै तिनीहरूको मूर्खता सबैकहाँ प्रकट हुनेछ।"**

अय्यूबको पुस्तकमा अय्यूबको चरित्र र कामको बारेमा वर्णन **गरिएको छ।** अनेकौं दुःखकष्ट र आतङ्कित समयमा पनि धर्मात्माको जीवन कस्तो हुन्छ भनेर अय्यूबको जीवनले प्रकट गर्दछ। धर्मात्माको जीवनशैलीलाई शैतानले कस्तो घृणा गर्दो रहेछ भनेर उक्त पुस्तकले खुलासा गरेको पाइन्छ। अय्यूब जस्तो सोझो, धर्मी, विश्वासी, निर्दोष र नराम्रो कुरालाई नरुचाउने व्यक्ति यस पृथ्वीमा अर्को कोही छैन भनेर परमेश्वरले सराहना गरेतापनि शैतानको आक्रमणलाई डटेर सामना गर्नुपरेको थियो (अय्यूब २)।

बाइबलले अय्यूबको बारेमा यसरी खुलस्त रूपमा भन्दछ, "उज भन्ने देशमा एक जना मानिस थिए जसको नाउँ अय्यूब थियो। उनी निर्दोष, सिधा, परमेश्वरमा श्रद्धा राख्दथे र खराबबाट टाढै बस्दथे।" (अय्यूब १:१)। विश्वास भनेको केवल मुखले मात्र भन्ने होइन न त धार्मिक रीतिथितिमामात्र लागेर देखाउने गुण हो भनेर अय्यूबको कथाले बताउँदछ। हुन त धार्मिक विधि उनको नियमित प्रक्रिया र उनको जीवनशैलीको एक भाग थियो (अय्यूब १:५)। भयानक कष्टमा पनि परमेश्वरप्रति श्रद्धा राख्ने उनको बानीले उनको जीवनको सम्पूर्ण भागले उनी धर्मात्मा थिए भनेर देखाउँदछ। तर धर्मात्मा वा ईश्वरीय जीवन बिताउनु भन्दा हामी शिद्ध हौं भनेर भन्दैनौं तर हामीहरूको आफ्नै क्षेत्रमा वा तहमा परमेश्वरको शिद्ध चरित्रलाई प्रतिबिम्ब गर्ने हो।

**परमेश्वरको तहमा हिंड्ने मानिसहरूको चरित्र कस्तो हुन्छ भनेर इजकिएल १४:१२-१४ले कसरी बताउँछ? तिनीहरूमा भएको त्यो गुण हामीमा पनि हुनु किन जरुरी छ? हेर्नुहोस्: "१२ परमप्रभुको यो वचन मकहाँ आयोः १३ हे मानिसको छोरो, यदि कुनै देशले विश्वासघात गरेर मेरो विरुद्धमा पाप गर्छ, र त्यसको विरुद्धमा आफ्नो हात पसारेर त्यसको खाद्य भण्डार म नाश गरिदिउँला, र त्यहाँ अनिकाल ल्याइदिउँला र मानिस र पशु दुवैलाई म नाश गरिदिउँला भने, १४ *अनि नोआ, दानिएल र अय्यूब, यी तीन जना मानिसहरू त्यहाँ भए भने पनि तिनीहरूले आफ्नो धार्मिकताद्वारा आफ्नै प्राण मात्र बचाउन सक्नेथिए, परमप्रभु परमेश्वर भन्नुहुन्छ।"***

सञ्चिता गर्ने वा परमेश्वरको आशिषलाई हिफाजत गर्ने व्यक्तिले धार्मिक वा ईश्वरीय जीवनलाई प्रकट गरिरहेको हुन्छ। लगनशील तथा

विश्वासीलो सञ्चितक केवल देखावटी रूपमा मात्र धर्मात्मा हुँदैन। तिनीहरूको स्वभावै धर्मात्मा हुन्छ र तिनीहरूको जीवनले र परमेश्वरले तिनीहरूमाथि विश्वासमा दिइएको जिम्मेवारीलाई सम्हाल्दछ त्यसले नै तिनीहरूको ईश्वरीय स्वभावलाई देखाइरहेको हुन्छ। तिनीहरूले के गर्छन् त्यसले मात्र तिनीहरूको विश्वास देखाएको हुँदैन तर तिनीहरूले के गर्दैनन् त्यसले पनि देखाउँदछ।

## २. सन्तुष्टि (फिलिप्पी ४:११)

**"११ खाँचो पर्‍यो वा मलाई मन परेको कुरा चाहियो भनेर मैले गुनासो पोखाएको होइन, किनभने जुनसुकै परिस्थितिमा भए पनि त्यसमा सन्तुष्ट रहन मैले सिकेको छु। १२ कसरी होचिन र कसरी बढ्न म जान्दछु। परिपूर्णतामा होस् वा भोकप्यासमा होस्, प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थितिमा सन्तुष्ट रहने रहस्य मैले सिकेको छु।" (फिलिप्पी ४:११)। यदि जुनसुकै अवस्था वा परिस्थितिमा पनि हामी सन्तुष्टि हुनुपर्छ भने त्यो सन्तुष्टि अन्तमा कहाँबाट आउनुपर्छ?**

तिमोथीलाई पत्र लेख्ने क्रममा पावलले एक थरीका नैतिक रूपमा गन्हाउने मानिसकहरूलाई औंल्याएका थिए। ती मानिसहरू भन्दथे, "धर्मात्मा हुनु वा (इसाई हुनु) पैसाको फाइदा उठाउनु हो" (१ तिमोथी ६:५ रूपान्तरित)। रेडियो, टेलिभिजन वा मोबाइलमा अनेकौं विज्ञापन गरि मानिसहरूबाट पैसा थुत्ने जस्तै गरेर धर्मको नाउँमा आफू धनी हुने प्रवृत्ति पावलको समयमा पनि थियो र अहिले पनि छ। यदि स्रोताहरू वा दर्शकहरूले परमेश्वरको विश्वासमा हिंड्यो वा कसैको सुसमाचार प्रचार गर्ने काममा सहयोग गरे तिनीहरूलाई परमेश्वरले आशिष दिनुहुनेछ र धनी बनाउनु हुनेछ भनेर ती विज्ञापनहरूमा मानिसहरूलाई आश्वास्त पार्दछन्। परमेश्वरप्रतिको विश्वाससँग धनसम्पत्तिलाई एकै थलोमा राख्नु भनेको इसाई धर्मको नाउँमा भौतिकवादलाई पोषाउनु हो।

तर सत्य कुरो के हो भने ईस्वरीय वा भक्तिको जीवनसँग धनसम्पत्तिको सरोकार छैन। यदि छ भने संसारमा कतिपय धनी मानिसहरू छन् र तिनीहरू भ्रष्ट वा खराब भएतापनि तिनीहरूलाई धर्मात्मा भनेर कहलाइन सम्भव हुन्थ्यो होला। तर परमेश्वरलाई विश्वास गरेर जुनसुकै परिस्थितिमा पनि सन्तुष्ट भएर जिउनु नै ठूलो फाइदा हो भनेर पावलले इसाई भए सबै थोक भित्रिन्छ भन्ने लोकप्रिय धारणाको प्रतिवाद गरेका थिए (१ तिमोथी

६:६)। जुनसुकै परिस्थितिमा चाहे भएको बेलामा होस् वा नभएको बेलामा होस्, चाहे स्वस्थ भएको बेलामा होस् वा अस्वस्थ भएको बेलामा होस्, परमेश्वरमा विश्वास गरेर येशूभक्तको जीवन बिताउन खुबी हुनु आफै पनि परमेश्वरको अनुग्रहको ठूलो धनमा समावेश हुनसक्नु हो। परमेश्वरको अनुग्रहमा प्रसन्न भएर बस्न सक्नु कुनै पनि धनसम्पत्ति, प्रतिष्ठा वा मानभन्दा पनि अत्यन्त मूल्यवान हुन्छ। त्यसकारण हामीसँग बास "खानेकुरा वा गाँस र कपास" भयो भनेर हामी सन्तुष्ट हुनुपर्छ (१ तिमोथी ६:८)। किनभने आखिरमा हामीसँग जति भएतापनि जहिले पनि अझ धेरै पाउने चाहनाले पिरोलिरहेको हुन्छ।

"जुनसुकै परिस्थितिमा पनि सन्तुष्ट रहनु एक ठूलो कला वा प्रतिभा हो। यो आत्मिक रहस्य पनि हो। यो सिक्नुपर्ने र सिकिरहनुपर्ने रहस्य हो। येशूलाई विश्वास गरेर सन्तुष्ट वा चित्त बुझाएर बस्नु भनेको उसमा मिठो वा रमाइलो मानेर बस्ने मनस्थिति, भित्री शान्ति, शान्त स्वभाव र अनुग्रहको आत्माले आकार लिइरहेको हुन्छ। त्यस्तो आत्माले भरिएको येशूभक्तले परमेश्वरलाई फूर्तिसाथ आफ्नो जीवनलाई अर्पण गरेको हुन्छ र उहाँको बुद्धिमानी र पितामय प्रेमको छत्रछायाँमा जुनसुकै अवस्थामा पनि जे गर्न पनि खुशीसाथ तयार भइरहेको हुन्छ।...यथार्थमा यो स्थितिमा रहनुसक्नु अति मूल्यवान मलहम जस्तै हो। दु:खकष्टको समय र प्रतिकुल परिस्थितिमा छियाछिया परेको हृदयलाई मलहम लगाइदिन्छ। परमेश्वरमामात्र सन्तुष्ट भएर बस्ने गुणले हामीलाई ठूलो सान्त्वना मिल्दछ।"-यर्मिया बरो, *द रेर ज्वेल अभ क्रिस्चियन कनटेन्टमेन्ट,* पृ. १,३बाट रूपान्तरित।

**(येशूलाई विश्वास गरेर जुनसुकै अवस्थामा पनि सन्तुष्ट रहन सक्ने क्षमताको सट्टा येशूलाई विश्वास गरेर सबै कुरा ठीक हुन्छ, धनी हुन्छ, घर बनाउन सक्छु, राम्रो जागिर पाउँछु, स्वस्थ भएर बस्छु भन्ने लोकप्रिय धारणा प्रेरितहरूदेखि लिएर आजसम्म करौडौंको येशूभक्तहरूको दु:खकष्ट पाएका र शहीद भएकाहरूले कतिको गलत रहेछ भनेर प्रमाणित भइरहेको परिप्रेक्ष्यमा) देहायका पदहरू पढ्नुहोस् र ती पदहरूले जुनसुकै परिस्थितिमा पनि हामी सन्तुष्ट रहनुपर्छ भनेर कसरी देखाउँछन्? हेर्नुहोस्, रोमी ८:२८ "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा वा (जुनसुकै परिस्थितिमा पनि) परमेश्वरले भलाइ नै गर्नुहुन्छ।", हिब्रू**

१३:५-६ "५ तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।" ६ यसकारण निर्धक्क भएर हामी भन्दछौं, "प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउनेछैनँ। मानिसले मलाई के गर्न सक्छ?" र फिलिप्पी ४:४-१३ "४ प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर। ५ तिमीहरूको सहनशीलता सबै मानिसहरूलाई थाहा होस्। प्रभु नजिकै हुनुहुन्छ। ६ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, ७ र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ। ८ अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर। ९ तिमीहरूले जुन कुरा मबाट सिक्यौ, र ग्रहण गर्‍यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरूसँग हुनुहुनेछ। १० म प्रभुमा साह्रै आनन्दित छु, कि अब धेरै दिनपछि मप्रति तिमीहरूको वास्ता फेरि पलाएको छ। तिमीहरू साँच्चै मेरो निम्ति चिन्तित थियौ, तर तिमीहरूलाई मौका मिलेन। ११ खाँचो पर्‍यो भनेर मैले गुनासो पोखाएको होइन, किनभने जुनसुकै परिस्थितिमा भए पनि त्यसमा सन्तुष्ट रहन मैले सिकेको छु। १२ कसरी होचिन र कसरी बढ्न म जान्दछु। परिपूर्णतामा होस् वा भोकप्यासमा होस्, प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थितिमा सन्तुष्ट रहने रहस्य मैले सिकेको छु। १३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।"

## ३. भरोसा वा भरोसा (हितोपदेश ३:५)

आफ्नै आत्मविश्वासमा वा मलाई सबै थाहा छ भनेर ढुक्क भएर त्यसमा भर पर्नु हुन्न भनेर हितोपदेश ३:५ले कसरी सल्लाह दिन्छन? हेर्नुहोस "आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्नु, र तिम्रो आफ्नै समझशक्तिमा भर नपर्।" (देहायका पदहरू पनिः यशैया ५५:८-९ "८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अग्ला छन्।", १

**कोरन्थी ४:५ "यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।" र १ कोरन्थी १३:१२ "अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु।"**

येशूलाई विश्वास गर्छु र उहाँले सुम्पन्नु भएको सबै थोकलाई सञ्चिता गर्छु वा हिफाजत गर्छु भनेर प्रतिवद्ध रहने प्रत्येक येशूभक्तको आदर्श र लक्ष्य नै "सारा हृदयलाई परमेश्वरको भरोसामा राख्नु र आफ्नै बुद्धिमाथि भरोसा राखेर चल्न ढिपी नगर्नु" हुनुपर्छ (हितोपदेश ३:५)।

हो, वास्तवमा यो भन्नु सजिलो छ तर गर्नु गाऱ्हो छ। कतिपय समयमा हामीहरूमा भएका बाइबलको ज्ञानले गर्दा परमेश्वरमा विश्वास गर्छौं होल, उहाँको हेरचाह र प्रेममा भर पर्छौं भन्छौं होला तर हामीलाई दुःख दिने कुराहरूमा चिन्ता गरिरहेका हुन्छौं। कतिपय समयमा हामीहरूको आफ्नै सिमित कल्पनाले गर्दा हामीहरूको भविष्य अन्धकार भइरहेको पाउँछौं।

तर हामी परमेश्वरको सञ्चितकको हैशियतले परमेश्वरमाथि भरोसा राख्न कसरी सिक्ने त? विश्वासमा अघि सरेर र हामीलाई जे थाहा छ त्यस अनुसार परमेश्वरको वचनहरू पालन गरेर हामी परमेश्वरमा भरोसा राख्न सक्छौं। विश्वास तथा भरोसा भनेको दिमागको खेल हो र त्यसलाई चलाउँदा कम कम हुँदै जांदैन। तर त्यसको ठीक विपरितचाहीँ जति हामीले परमेश्वरमा विश्वास तथा भरोसा राख्छौं त्यति हामीहरूको विश्वास वा भरोसा बढेर जान्छ। इमान्दारी र भरपर्दो सञ्चितक भएर बस्नुको अर्थ हामी परमेश्वरको भरोसामा छौं भनेर छर्लङ्ग देखाइरहेका हुन्छौं। यस्तो खालको भरोसाले सञ्चितक वा येशूको निष्ठामा रहनेलाई घचघचाउने उर्जा दिन्छ र हामीहरूको जीवनको जग नै त्यसमा आधारित भएको हुन्छ। त्यसले गर्दा हामी जे गर्छौं त्यसले हामी परमेश्वरको सत्य भक्त हौं र उहाँले सुम्पन्नुभएको थोकहरूलाई बफादारीसाथ हिफाजत गर्छौं भनेर हामीहरूको कामले देखाउँदछौं।

"तिम्रो सारा हृदयले परमेश्वरमाथि भरोसा राख।" "तिम्रो हृदय" भन्ने वाक्य बाइबलमा जहिले पनि प्रतीकको रूपमा प्रयोग गरिएको पाइन्छ। यसको अर्थ हामीले जे निर्णय गर्छौं सो भित्रि नैतिक विवेकद्वारा गरिरहेका हुन्छौं र

हामी को हौं सो बताउँछ (मत्ती २२:३७)। यसमा हामीहरूको चरित्र, स्वभाव, नियत र आकांक्षाहरू समावेश भएका हुन्छन्। हामी को हौं सो देखाउने मूल जग नै हामीहरूको हृदयले व्यक्त गर्ने स्वभावमा भरपर्छ।

हामीले नियन्त्रण गर्न  नसक्ने थोकहरूमा परमेश्वरमाथि भरोसा राख्न सजिलो हुन्छ। त्यसको अर्थ परमेश्वरमा भरोसा राख्नुको बिकल्प हामीमा छैन। तर हामीहरूले सम्हाल्न सक्ने कुरामा निर्णय गर्न हृदयदेखि भरोसा वा विश्वास गर्नु हामीहरूको सामु ठूलो चुनौति भएर खडा भइरहेको हुन्छ। परमेश्वरमाथिको हामीहरूको विश्वास र भरोसामा परेर कतातिर जाने वा के निर्णय गर्ने त्यो हामीहरूको हृदय परमेश्वरमा कतिको बुनिएको छ त्यसमा भरपरेको हुन्छ।

सारा हृदयले परमेश्वरमा भर पर्नु भनेको के हो भनेर प्रेरितहरूले छर्लङ्ग पारेका छन्: "परमेश्वरको कामको निम्ति खट्ने अहिलेका विश्वासीहरू जस्तै ती प्रेरितहरू असहाय र कमजोरी थिए, तर तिनीहरूले सारा मनले परमेश्वरमाथि भरोसा राखेका थिए। तिनीहरू धनी थिए तर भौतिक धनसम्पत्तिमा होइन तर तिनीहरूको दिमाग र आत्मिक संस्कारमा थिए। यही खालको परमेश्वरमाथि भरोसा र विश्वास गर्ने संस्कार प्रत्येक व्यक्तिमा हुनसक्दछ जसले सबै थोकहरूमा परमेश्वरलाई पहिलो र आखिर बनाउँछ र सबै कुरामा उहाँको निम्ति उत्तम पार्दछ।"-एलेन जी ह्वाइट, *गस्पल वर्कर्स्,* पृ. २५बाट रूपान्तरित।

**यो कुरा सही हो कि हाम्रो बश राख्न नसक्ने कुरामा परमेश्वरको भरोसामा छोड्नु सजिलो छ। तर तपाईंले निर्णय गर्न सक्ने कुरामा तपाईंले के भन्ने? तपाईंले जे निर्णय गर्नुहुन्छ त्यसमा परमेश्वरमाथिको भरोसा जोडिएको छ भनेर देखाउन तपाईंले के गर्नुपर्छ होला?**

## ४. हामीहरूको प्रभाव (१ पत्रुस २:११,१२)

“तिमीहरू एक समय अन्धकारमा थियौ, अब तिमीहरू परमेश्वरमा ज्योति भएका छौ" (एफिसी ५:८)। हृदयमा परिवर्तन वा काँचुली फेरिएको व्यक्ति सार्वजनिक रूपमा कसरी देखिनुपर्छ भनेर पावलले माथिको पदले भन्दछन्। जब हामी ज्योतिमा हिंड्छौं (१ यूहन्ना १:७, यशैया ३०:२१) तब हामी परमेश्वरको जिम्मेवार व्यक्ति हुन्छौं भनेर यस अन्धकार संसारमा प्रभावित पार्ने गरेर बलिरहेका हुन्छौं।

येशूले भन्नुभयो, "म संसारको ज्योति हुँ" (यूहन्ना ८:१२)। हामीहरूको सार्वजनिक रूपमा देखाउने स्थिर र नैतिक चरित्रले हामीले परमेश्वरको ज्योतिलाई प्रतिबिम्ब गर्दछौं।

**परमेश्वरले दिनुभएको श्रीसम्पत्ति जुन् हामीहरूको आम्दानी अर्थात् पैसा, शरीर, दिमाग र आत्मालाई सञ्चिता गर्दा परमेश्वरको महिमा कसरी हुन्छ? हामीहरूको चरित्र र व्यवहारले अरूमाथि कसरी प्रभावित पार्दछ? हेर्नुहोस्, मत्ती ५:१६ "यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।", तितस २:६-८ "६ त्यहीबमोजिम जवान मानिसलाई पनि आत्मसंयमी हुनलाई अर्ती देऊ। ७ सबै कुरामा असल कामको नमूना भई तिमीले आफूलाई देखाऊ, र तिम्रो शिक्षामा ईमानदारी, गम्भीरता, ८ र कसैले निन्दा गर्न नपाउने ठीक बोली होस्, ताकि हाम्रा विरुद्धमा खराबी बोल्ने कुरा केही नभएकोले हाम्रो विरोधी शर्ममा परोस्।" र १ पत्रुस २:११,१२ "११ प्रिय हो,म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि विदेशी र प्रवासीहरू हौ भनी जानेर तिमीहरूका आत्माको विरुद्धमा लड़ाइँ गर्ने शारीरिक अभिलाषाहरूबाट अलग रहो। १२ अन्यजातिहरूका बीचमा तिमीहरूको चालचलन असल होस्। कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल कामहरू देखून्, र आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरून्।"**

**परमेश्वरको** श्रीसम्पत्ति अर्थात् हामीहरूको जीवनलाई उहाँले हिफाजत गर्न वा सञ्चिता गर्न हामीलाई सुम्पनुभएको छ। तर यसलाई हिफाजत गर्ने नाउँमा केवल उत्तरदायी भएर सुरक्षा गर्नुमात्र नभएर अझ फराकिलो तरिकाले जिम्मेवारी व्यक्तिहरू हामी हौं भनेर देखाउनु अनिवार्य गरिएको छ। हामी परमेश्वरको सञ्चितक हौं भनेर भित्रि कोठामा बसेर ध्यान गरेरमात्र बस्ने नभएर हामीहरूको परिवारको सामु, हामीहरूको समाजको सामु, संसारको सामु र सारा जगत वा ब्रम्हाण्डको सामु प्रकट गर्न आह्वान गरिएको छ (१ कोरन्थी ४:९)। हामी परमेश्वरका थोकहरूको सञ्चिता गर्ने हौं भनेर पेशागत रूपमा चल्ने क्रममा परमेश्वरको राज्यको नीतिहरू अनुसार हामी चलेका छौं भनेर त्यस नीतिको असरलाई सार्वजनिकरूपमा प्रदर्शन गरिरहेको हुनुपर्छ। यसरी हामीले अरू मानिसहरूलाई प्रभावित पार्न सक्छौं। येशूको दया, माया, नैतिकतालाई हामी प्रकट गर्ने हुन्छौं जुन कि हामीहरूको सृष्टिकर्ताले अनुमोदन गर्नु भएको छ र तिनीहरूलाई हामीहरूको जीवनले साक्षी दिइरहेका हुन्छौं।

हामीहरूको काम गर्ने चालाले पनि हामीहरूमा सञ्चिता गर्ने मूल्य छ भनेर देखाउँछौं। हामीहरू जुनसुकै पेशामा लागेतापनि हामीहरूको सञ्चिता गर्ने बानीले हामी परमेश्वरका जन हौं भनेर हामीहरूको धार्मिक स्वभावले देखाइरहेका हुन्छौं। बाइबलमा यसरी उल्लेख गरिएको छ "उहाँले तिम्रो धार्मिकता प्रभातझैं ज्योतिसमान र तिम्रो मामिलाको न्याय मध्यदिनको सूर्यसमान पार्नुहुनेछ।" भजनसंग्रह ३७:६। परमेश्वरको सञ्चितक वा भक्त जुनसुकै काममा लागेतापनि वा पेशामा लागेतापनि आफ्नो ईश्वरीय स्वभावलाई लुकाएर राख्दैन (लूका ११:३३) तर डाँडामा राखिएको बत्ती झैं सबैले देख्नेछन् (मत्ती ५:१४) (अर्थात् मेरो काम गर्ने शैली वा पेशासँग मेरो विश्वासको केही सरोकार छैन भन्दैन)। जब तपाईंले परमेश्वरप्रति आकर्षित भएर उद्देश्यप्रेरित जीवन घरमा वा काम गर्ने ठाउँमा देखाउनुहुन्छ तब तपाईंको वरिपरि रहेका मानिसहरूको दिमाग र हृदयमा तपाईंले प्रभावित पार्दै लैजानुहुनेछ।

"प्रकृतिमा भएका प्रत्येक थोकहरू आआफ्नै कामको निम्ति नियुक्त गरिएको छ र त्यसको स्थानको निम्ति गुनासो गर्नुहुन्न। आत्मिक रूपमा भन्ने हो भने प्रत्येक नर र नारीलाई विशेष स्थान र काम तोकिएको हुन्छ। प्रत्येकलाई ख्रीष्टले आफ्नो लगानी बरदानद्वारा सुम्पन्नु भएको छ। उसलाई सुम्पिएको लगानीको अनुपातमा काम गर्न परमेश्वरले अपेक्षा गर्नुहुन्छ। तपाईं नैतिक रूपमा कतिको मूल्यवान हुनुहुन्छ भनेर तपाईंको मजबुत चरित्रलाई देखाउने समय र अवसर अहिले नै हो। तपाईंको सेवाकार्यमा ख्रीष्टको अधिकार छ। खुला दिलले तपाईंको जीवन उहाँलाई सुम्पनुहोस्।"-एलेन जी ह्वाइट, *दिस डे विथ गड,* पृ. २४३बाट रूपान्तरित।

**तपाईं घरमा होस् वा काम गर्ने ठाउँमा होस् तपाईंको काम गर्ने शैलीले वा नीतिले तपाईंले कस्तो प्रभाव दिइरहनुभएको छ? तपाईंको कामद्वारा तपाईंको विश्वासलाई मानिसहरूको सामु कसरी देखाइरहनुभएको छ?**

## ५.हामीहरूले बोल्ने (वा नबोल्ने) बोली सुनाउनु वा सुन्न चाहनु (मत्ती १२:३०)

हामी यस संसारका पाहुना, तिर्थयात्री तथा प्रवासी हौं। हामीहरूको अन्तिम गन्तव्य स्थान भनेको त्यो सुन्दरमय स्वर्ग हो जुन् सिद्ध र शान्तमय छ (हिब्रू ११:१३,१४)। त्यो समय नआउञ्जेल यस संसारमा हामी लुकेर होइन सबैको सामु परिचित भएर बाँच्नुपर्दछ। यद्यपि हामी येशू र शैतानको लडाईंको युद्धभूमिमा रहेकोले हामी तटस्थ वा मध्यममार्गमा हिंड्न सक्दैनौं। हामी कि त

परमेश्वरको वा शैतानको पक्षमा उभिरहेका हुन्छौं। हामी निस्पक्षमा रहन सक्दैनौं। येशूलाई विश्वास गर्छु भन्ने प्रत्येक येशूभक्तको अडान उहाँको पक्षमा उभिनु हो। येशूले स्पष्ट रूपमा भन्नुभएको छ "जो मेरो पक्षमा छैन त्यो मेरो बिरुद्धमा गइरहेको हुन्छ। जो मसँग जम्मा गर्दैन ऊ जताततै छरपस्ट हुन्छ।" (मत्ती १२:३०)। अहिले हामी इसाई भनेर दावी गर्ने होस् वा येशूलाई विश्वास नगर्नेहरू होस्, जब उहाँ आउनुहुन्छ तब हामी कसको पक्षमा उभिरहेका छौं भनेर सफा र स्पष्टरूपमा देखाइनेछ।

**जब येशू फर्कनु हुनेछ त्यसबेला उहाँलाई पछ्याउँछु भनेर दावी गर्नेहरूलाई (वा जय मसीह भनेर अभिवादन गर्नेहरूलाई) उहाँको दुई मध्ये एक सम्बोधनको सामना गर्नुपर्नेछ। त्यो के हो त? हेर्नुहोस्: मत्ती २५:२१ "“मालिकले त्यसलाई भने, ‘स्याबास, असल र विश्वासी नोकर! तिमी थोरै कुरामा विश्वासी भयौ, अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी हो।’ मत्ती ७:२३ " अनि म तिनीहरूलाई सफासँग भन्नेछु, ‘मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।’**

येशू ख्रीष्टको "स्यावास" भन्ने शब्द कुनै पनि उहाँका सञ्चितक वा उहाँले दिनुभएको उत्तरदायित्व पूरा गर्ने भक्तको निम्ति अत्यन्त रमाइलो र सन्तुष्ट बनाउने बोलीहरू अरू कुनै भन्दा उच्च हुनेछ। परमेश्वरले हामीलाई सुम्पन्नु भएको बस्तुहरूलाई हामीहरूको क्षमता अनुसार जिम्मेवारीका साथ व्यवस्थित गर्दा उहाँले अनुमोदन गर्दै हामीहरूले स्यावास पाउने बेलामा पाइने आनन्द कस्तो होला सो हामीहरूको शब्दले बयान गर्न सक्दैन। त्यो पनि ख्रीष्टको निम्ति काम गर्दा हामीले मुक्ति पाइने नभएर हाम्रो जीवनमा उहाँले काम गर्न दिँदा र हाम्रो निम्ति उहाँले गर्नुभएको काममा हामीहरूको मुक्ति आधारित छ भन्ने ज्ञानमा हामी छौं (रोमी ३:२१-२६ "२१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन

प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।" र रोमी ४:६-८ "६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न" )।

विश्वासीलो, लगनशील र भरपर्दो सञ्चितकले उनमा भएको विश्वासको प्रतिबिम्ब गर्दछ। तर कतिपयले आफ्नो धर्मकर्म वा असल बानी वा अरूभन्दा आफू धर्मात्मा छु भनेर देखावटीरूपमा मानिसलाई प्रभावित पार्न कामद्वारा मुक्ति पाउन वा निर्दोष सावित गर्न खोज्नु अर्थहिन छ भनेर येशूको वचनद्वारा देखाइएको छ।

"जब येशूलाई पछ्याउनेहरूले परमेश्वरको कुराहरूलाई उहाँलाई नै सुम्पिन्छन् तब तिनीहरूले स्वर्गमा धन थुपारिरहेका हुन्छन् र त्यसबेला तिनीहरूले नै पाउने छन जब उहाँले भन्नु हुनेछ "स्यावास, हे असल र विश्वासीलो सेवक, मेरो राज्यको आनन्दमा अब तिमीहरू पस।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ५२३बाट रूपान्तरित।

अन्तमा भन्ने हो भने कुनै पनि सञ्चितक वा परमेश्वरको सम्पत्तिलाई हिफाजत गर्ने व्यक्ति त्यो भएको प्रमाणित हुन्छ जो परमेश्वरलाई सारा हृदयले प्रेम गर र आफ्नो छिमेकीलाई आफूलाई जस्तो प्रेम गर भन्ने आज्ञाले प्रेरित भएर बाँचिरहेको हुन्छ।

**तपाईंको आफ्नै जीवनले परमेश्वरका ती दुई आज्ञाहरूलाई पालन गरेको छ भनेर कसरी तपाईंको काम, विश्वास र परमेश्वरको सम्पत्तिको हिफाजत वा सञ्चिता गर्ने नीतिलाई प्रकट गरिएको छ?**

## उपसंहारः

**थप जानकारीः** "परमेश्वरको प्रेमलाई प्रकट गर्न येशू यस संसारमा आउनुभएको थियो। उहाँले सुरू गर्नुभएको काम उहाँको पछि लागेको छु भनेर दावी गर्नेहरूले निरन्तरता दिनुपर्दछ। एक आपसलाई सहयोग गर्न र बलियो बनाउन

कडा परिश्रम गरौं। अरूको भलाई खोज्न प्रयास गर्दा नै सत्य आनन्द वा खुशी पाउँछौं। जब परमेश्वरलाई र अरूलाई कसैले प्रेम गर्छ भने त्यो व्यक्तिले आफ्नो खिलाफमा काम गरिरहेको हुँदैन। जति मानिसमा निस्वार्थ प्रेमको भावना हुन्छ त्यति त्यो मानिस खुशी र आनन्द हुन्छ, किनभने उसको निम्ति खटाइएको परमेश्वरको उद्देश्य उसले पूरा गरिरहेको हुन्छ।"-एलेन जी ह्वाइट, काउन्सलस् अन स्टुवार्डशिप, पृ. २४,२५बाट रूपान्तरित।

"जब जब चर्च जागेर बस्छ तब तब त्यहाँ विश्वासीहरू बढ्छन् र आत्मज्ञानमा बृद्धि भइरहेको हुन्छ। त्यहाँ एक आपसमा निरन्तररूपमा पारस्परिक आदानप्रदान भइरहेका हुन्छन्, लिने र अरूलाई दिने क्रम जारी हुन्छ र परमेश्वरको के हो सो लिने र उहाँलाई नै फर्काउने काम भइरहेको हुन्छ। येशूका प्रत्येक इमान्दारी र सत्य भक्तलाई परमेश्वरले उहाँको ज्योति र आशिष खन्याउनुहुन्छ र जब परमेश्वरको निम्ति काममा खटिन्छ तब ती ज्योति र आशिष अरूलाई दिइरहेको हुन्छ। जब उसले पाएको अनुसार जब उसले अरूलाई दिन्छ तब उसको पाउने क्षमतामा बृद्धि हुन्छ। अनुग्रह र सत्यको ताजा आपुर्तिको निम्ति उसको हृदयमा नयाँ कोठा बन्दै गरेको हुन्छ। आत्मिक स्वच्छ तथा दिव्य ज्योति र ज्ञानको मात्रा उसमा बढिरहेको हुन्छ। जसले पाउँछ मात्र तर कसैलाई दिँदैन त्यसले पाउन पनि छोड्छ। यदि त्यस मानिसमा भएको सत्य अरूको सामु बाड्दैन भने सत्यलाई पाउने उसको क्षमता पनि उसले गुमाइरहेको हुन्छ। यदि परमेश्वरबाट ताजा आशिष हामीले पाउन चाहन्छौं भने हामीले पाएको स्वर्गको आशिष पनि अरूलाई बाँड्नुपर्दछ।"-एलेन जी ह्वाइट, काउन्सिलस् अन स्टुवार्डशिप, पृ. ३६बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **परमेश्वरमा विश्वास र भरोसा राख्दा त्यसले सन्तुष्टितिर कसरी अग्रसर गराउँछ? बौद्धिक तहमा सोच्दा सारा हृदयले परमेश्वरमाथि भरोसा राख्नु भनेको के हो?** ( परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं।" २ कोरिन्थी १०:५)। "सबै थोक असलकै निम्ति हुन्छ" (रोमी ८:२८) भन्नु त सजिलो छ तर विश्वास गर्नु किन गाऱ्हो छ? दिमागले

परमेश्वरमाथि भरोसा राख्छौं त भन्छौं तै पनि भविष्यमा के हुन्छ भनेर हामी किन डराउँछौं?

आ. कमसेकम २५ शब्दहरूमा परमेश्वरको भण्डारे वा सञ्चितक वा जिम्मेवारी व्यक्त गर्नु भनेको के हो सो वयान गर्नुहोस्। इसाई जीवनको विभिन्न पक्षहरूमा परमेश्वरको असल सञ्चितक हुनु किन महत्त्वपूर्ण छ?

इ. मत्ती ७:२१-२३ फेरि पढ्नुहोस् "२१ "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। २२ त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?' २३ अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।' यहाँ के भइरहेको छ? तिनीहरूले आफूले गरेका कामहरूको बारेमा किन भनिरहेका छन्? तिनीहरूले भनेको वचनबाट तिनीहरू कस्ता थिए भनेर कसरी प्रकट गरिरहेका छन्? हामी परमेश्वरको असल सञ्चितक वा जिम्मेवार व्यक्ति हौं भनेर दावी गर्दा, हामीले परमेश्वरमाथि विश्वास गरेर उहाँका आज्ञाहरू पालन गरेका छौं र परमेश्वरकै नाउँमा असल काम गरिरहेकाछौं भनेर दावी गर्ने क्रममा माथि उल्लेख गरिएका मानिसहरू जस्तै हामी पनि आफूले आफैलाई धोका दिने चालबाट कसरी बच्ने?

ई. इसाई प्रभाव केवल व्यक्ति व्यक्तिको तहमा मात्र हुन्छ भनेर हामीले प्रायजसो सोच्दछौं। तर तपाईंको स्थानीय चर्चको तहबाट दिने प्रभाव कस्तो छ? तपाईंको चर्च रहेको समाजमा तपाईंको चर्चले कस्तो प्रभाव पारिरहेको छ?

## कथा १३

## ख्रीष्टको निम्ति खाना पुऱ्याउने

## तेह्रौं साबथको कार्यक्रममा प्रस्तुत गरिने अन्तरवार्ता कार्यक्रम

(यस तेह्रौं कथामा दुई जनाभन्दा बेसि सहभागी भएर प्रस्तुत गरे असल हुनेछ)।

**प्रस्तोताः** यस बाइबल अध्ययनमा प्रस्तुत गरिएका कथाहरूमा हामीले पुर्टोरिको, मेक्सिको, जमैका, ट्रिनीडाड र टोबागो र बेलिजका बिभिन्न मानिसहरूलाई भेट्यौं। ती सबै देशहरू अन्तर अमेरिका डिभिजनका हुन्। यस प्रस्तुतिमा हामीले बेलिजका विशेष विवाहित दम्पत्तिसँग भेट गर्नेछौं। जमैकाको राजधानी किङ्गस्टनमा खाना पुऱ्याउने कम्पनी जुनियर र स्टिफनी रोबर्टले संचालन गर्छन्। जब तिनीहरूले बप्तिस्मा लिए तब तिनीहरूमा समस्या खडा भएको थियो। तिनीहरूले आफ्नो व्यापारको शैलीमा परिवर्तन गरे। तिनीहरूले लबस्टर र जाँड रक्सी बेच्न छोडे र शुक्रबार शनिबारमा धेरै पैसा आउने काम लिन बन्द गरिदिए। उहाँहरूको पृष्ठभूमिबाट यो कथा सुरू गरौं। तपाईंहरू कति वर्षको हुनुभयो?

**जुनियरः** म २८ वर्षको छु।

**स्टिफनीः** म २७ वर्षकी छु।

**प्रस्तोताः** तपाईंहरूको भेट कसरी भयो?

**जुनियरः** हामी दुवै जना जमैकाको ठूलो मासु र रक्सी कम्पनीमा काम गर्दथ्यौं। मचाहीं मूल भान्से थिएँ। मैले स्रीम्प, लबस्टर र समुद्रका खानाहरूको परिकार तयार पार्थें।

**स्टिफनीः** म जाँड रक्सी बेच्ने साहुको सहयोगी भएर काम गर्थें। मलाई रक्सी धेरै मनपर्थ्यो।

**प्रस्तोताः** तपाईंहरूले एडभेन्टिस्टको बारेमा कसरी थाहा पाउनुभयो?

**जुनियरः** तीन वर्ष अघि एक जना एडभेन्टिस्ट साथीले एउटा घरमा बाइबल अध्ययन गर्ने सानो झुण्डमा आउन अनुरोध गऱ्यो। मलाई बाइबल अध्ययन घतलाग्दो भयो र मैले स्टिफनीलाई पनि आउन अनुरोध गरें तर उनले चासो देखाइनन्।

**स्टिफनीः** म व्यस्त थिएँ र बाइबल पढ्न समय दिन चाहिनँ। तर एक वर्षपछि जुनियरसँग बाइबल अध्ययन गर्न थाल्दा हामीले जे पढ्यौं त्यो देखि अचम्म

लाग्यो। मैले सोधेँ, "के यो बाइबल हो र?" साबथको बारेमा बारम्बार उल्लेख गरेको मैले पढेँ। अनि परमेश्वरको आराधना गर्ने दिन शनिबार ठीक हो भनेर महसुस गरेँ। एक दिन पवित्र आत्माले मलाई यो भनिरहनुभएको जस्तो लाग्यो, "यो समय हो" र मैले मेरो जीवनलाई परमेश्वरमा समर्पण गर्ने निर्णय गरेँ। मलाई सुँगुरको मासु, स्रीम्प र रक्सी मनपर्थ्यो तर परमेश्वरलाई मैले मेरो जीवन सुम्पेपछि ती खानाहरू छोड्न गाह्रो भएन। जे ठीक छ त्यसको हिसाब दिनुपर्छ भनेर मैले सोचेँ। मुक्ति रक्सीभन्दा त्यतिको आवश्यक नभएको मैले सोचेँ।

**जुनियरः** हामीहरूको मित्रताको सम्बन्ध परमेश्वरको सामु ठीक भएको हामीले चाह्यौँ। सेप्टेम्बर २०१५मा हामीले बिबाह गऱ्यौँ र एक महिनापछि हामीले सँगै बप्तिस्मा लियौँ।

**प्रस्तोताः** अनि तपाईंको खाना बनाउने सेवा के भयो त?

**स्टिफनीः** धेरै जसो शुक्रबार र शनिबारमा खानाहरू बिक्री हुनेहुँदा त्यो कामबिना हामी बाँच्न सक्दैनौँ भन्ने हामीलाई लाग्यो। हामीहरूको नियमित ग्राहकले पनि अत्यन्त महँगो र रक्सीको माग गर्न थाले। जब हामीले बप्तिस्मा लियौँ तब हामीलाई धेरै घाटा भएको थियो।

**जुनियरः** हामीले बप्तिस्मा लिइसकेपछि एक जना ग्राहकले बिवाहको निम्ति दश लाख जमैका डलर पर्ने समुद्रको खाना अर्डर गऱ्यो। त्यो अमेरिकी डलरमा ७,७०० (अर्थात् नेपालीमा करिब आठ लाख रूपैंया)। उनले कुनकुन खाना चाहिन्छ र जनवरी २ तारिखको दिन भोज कार्यक्रम गर्ने भनेर उसले चाहना व्यक्त गऱ्यो। त्यो दिन शनिबार थियो र उसको अनुरोधलाई हामीले अस्वीकार गर्नुपऱ्यो। हामीहरूको अत्यन्त नियमित खाना दिने ग्राहकमा एक जना अत्यन्त धनी व्यापारी महिला थिइन्। उनीसँग पनि सम्पर्क तोड्नुपऱ्यो। उनको लागि हप्तामा धेरै पल्ट खाना पुऱ्याउनुपर्थ्यो ताकि उनको चार जनाको परिवारले खाना बनाउनु नपरोस्। जब हामीले बप्तिस्मा लियौँ तब उनले मन पर्ने लब्स्टर र सुँगुरको मासुका परिकार दिन सक्दैनौँ भनेर हामीले भन्यौँ। हामीहरूको अन्तिम भेटघाटमा उनले बरफमा जमाएको सुँगुरको मासु ल्याएर यसलाई काट्नमात्र अनुरोध गरिन्। यो त मेरो निम्ति परीक्षा थियो। त्यो मासुलाई टेबुलमा राखेर बाइबल पल्टाएर अशुद्ध पशुको मासुलाई छुने कुरामा बाइबलमा के लेखिएको छ सो मैले उनलाई पढेर सुनाएँ। उनी आफैले त्यो काटेर भनिन् "तिमीले मेरो जीवनलाई हस्तक्षेप गरिरहेका छौ।"

**स्टिफनसः** परमेश्वरले कतिपय समयमा हाँसो उठ्ने गरेर काम गर्नुहुन्छ। १८ महिनापछि त्यस महिलाले उनको परिवारलाई दिने भोजमा आउन हामीलाई अनुरोध गरिन्। खानाको बारेमा हामीहरूसँग उनको असहमति भएतापनि हामीहरूको मूल्यमान्यतासँग उनले खेलबाड गर्दिन भनेर वचन दिइन्। साबथको बारेमा पनि उनी संवेदनशील हुने भनेर वचन दिइन्। जब शुक्रबार घाम अस्तायो तब हामीले त्यो ठाउँ छोड्नको निम्ति प्रार्थना गर्‍यौं। तब एक छिनपछि उनले आएर भनिन्, "मलाई थाहा छ तिमीहरूको समय आयो। तिमीहरू जान सक्छौ।" त्यतिमात्रै नभएर हामीलाई अचम्भित पार्दै उनले भनिन् कि उनी आइतबार चर्च जान थालिन्। उनले साबथलाई मानुन् भनेर हामी प्रार्थना गरिरहेका छौं।

**प्रस्तोतः** अनि तपाईंको व्यापारमा घाटा भएपनि तपाईंहरूले कसरी त्यसलाई थाम्नुभयो?

**स्टिफनीः** दुई महिनासम्म त हामीलाई खान पनि मुश्किल भयो। हामीहरूको आम्दानी धेरै घट्यो। तर अचम्मको कुरो भयो। हाम्रा आफन्त र साथीहरूले खानेकुराहरू ल्याउन थाले। अरूबाट पाएका खानाहरू हामीसँग बाँड्न चाहन्थे। हामीले कसैसँग पनि खानको लागि मागेनौं। हामीले कहिल्यै पनि भोकै बस्न परेन। हामीसँग कति खाना भयो र अरूलाई दिन पनि सक्ने भएका थियौं।

**जुनियरः** हामीहरूको खाना बनाउने कम्पनी पहिलाको भन्दा अहिले राम्रो छ। पहिला हामीले के गर्ने के नगर्ने भनेर थाहा थिएन। हामीले कस्तो खालको ग्राहकहरूको अपेक्षा गर्छौं भनेर थाहा छ र हामीहरूको आम्दानी पहिलाको भन्दा अहिले राम्रो छ। नियमित रूपमा अफिसमा हुने पार्टीहरू, साना साना पार्टीहरू र ठूला पार्टीहरूमा क्यटरिङ्ग अर्थात खाना बनाउने सेवाको लागि धेरै सम्पर्क गर्न खोजिरहेका छौं। साबथको बारेमा हामीलाई न त बोझ छ न त तनाव नै छ। हामी आइतबारदेखि बिहिबार काम गर्छौं र शुक्रबार हल्का काम गर्छौं ताकि साबथको निम्ति तयार हुन सकौं।

**प्रस्तोताः** तपाईंहरूको निर्णयदेखि के तपाईं खुशी हुनुहुन्छ?

**स्टिफनीः** मलाई त अझ मेरो जीवन स्वस्थ जीवन भएको जस्तो लागिरहेको छ। मेरो जीवन परिवर्तनको निम्ति परमेश्वरले काम गरिरहनुभएको छ भनेर मलाई थाहा छ। यदि मैले परमेश्वरलाई मेरो जीवन दिइनँ भने म आज कहाँ हुँला जस्तो लाग्छ।

**जुनियरः** सेभेन्थ-डे एडभेन्टिस्टहरूले आफ्नो विश्वासको बारेमा आवाज उठाउन् नहिच्किचाउन् भनेर म हौसला दिन चाहन्छु। मैले भर्खर थाहा पाएँ कि मेरा हाईस्कूलका दुई जना साथीहरूपनि एडभेन्टिस्ट थिए। तिनीहरू शुक्रबार छिट्टै घर जान्थे तर किन भनेर तिनीहरूले मलाई कहिल्यै भनेन्। तर तिनीहरूले केही नभनेकोले साबथको बारेमा थाहा पाउन मलाई दश वर्ष लाग्यो। त्यसकारण विश्वासीहरूले सत्यको बारेमा बोलुन भनेर म उत्साह दिन चाहन्छु। यदि हामीले अरूलाई येशूको बारेमा जति भन्यौं त्यति अरूले उहाँलाई चिन्नेछन्।

**प्रस्तोताः** हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर कहिल्यै पनि लाज मान्नुहुँदैन। येशूको दोस्रो आगमनमा हामीहरूमा भएको आशाको बारेमा अरूलाई बाँड्न कहिल्यै पनि पछि पर्नुहुन्न। त्यसकारण अन्तर अमेरिका डिभिजनका अरू मानिसहरूले पनि सुसमाचार थाहा पाउन् भनी हामीहरूले दिल खोलेर दिऔं।

(प्रस्तोता आन्ड्रय मकचेसनी)